# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, पुस २६ गते २०४८ साल (संख्या ३६

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

### विदेशी विनिमय (नियमित गर्ने) (दोस्रो संशोधन)

### नियमहरू, २०४८

विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० लाई संशोधन गर्न वान्छनीय भएकोले, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकसँग परामर्श गरी देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "विदेशी विनिमय (नियमित गर्ने) (दोस्रो संशोधन) नियमहरू, २०४८" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० को नियम ८ मा संशोधनः विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० को नियम ८ को खण्ड (ग) मा रहेका "विदेशी नागरिकहरू वा" भन्ने शब्दहरूको सट्टा "स्वदेशी तथा विदेशी नागरिकहरू" भन्ने शब्दहरू राखिएका छन्।

प्रमाणित नगरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

श्री ५ को सरकारले विदेशी विनिमय ( नियमित गर्ने ) नियमहरू, २०२० को नियम ८ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी देहाय अनुसारको नेपाली नागरिकहरूलाई देहायबमोजिमको सुविधा दिने गरी विदेशी मुद्रामा खाता खोल्न स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपालमा स्थापित अन्तर्राष्ट्रिय संघ संस्थामा काम गरी परिवर्त्य विदेशी मुद्रामा तलब पाउने नेपाली कर्मचारीहरू,

२. विदेशी दूतावास, नियोग, अन्तर्राष्ट्रिय संघ संस्थामा काम गरी परिवर्त्य विदेशी मुद्रामा पेन्सन पाउने व्यक्तिहरू,

३. विदेशी कम्पनीका एजेण्ट भई परिवर्त्य विदेशी मुद्रामा कमिशन पाउने व्यक्तिहरू,

४. नेपालमा दर्ता भई विदेशमा सेवा पुर्‍याइ परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने कम्पनीहरू, फर्महरू र संगठित इकाईहरू,

५. परिवर्त्य विदेशी मुद्रामा तलब, कमिशन आदि पाउने विदेशी कम्पनीका नेपालमा काम गर्ने प्रतिनिधिहरू,

६. अन्तर्राष्ट्रिय संघ संस्था तथा प्रेसको प्रतिनिधि भई परिवर्त्य विदेशी मुद्रामा तलब, भत्ता पाउने व्यक्तिहरू,

७. लेख, रचना, पुरस्कार र रोयल्टी वापत परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिहरू,

८. कन्सलटेन्सी कार्य गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिहरू वा संस्थाहरू,

९. ३ महिनाभन्दा बढी समय विदेशमा तालिम, सेमिनार, अध्ययन, सेवा र नोकरी गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने नेपाली नागरिकहरू,

१०. श्री ५ को सरकारबाट नेपाल राजपत्रमा प्रकाशित सूचनाको म्यादभित्र आफूसँग भएको परिवर्त्य विदेशी विनिमयको विवरण पेश गर्ने नेपाली नागरिकहरू,

११. सुविधाहरू:—

(क) यसरी जम्मा हुन आएको विदेशी मुद्राको पूँजी रकमको श्रोत खोल्नु नपर्ने तथा सो रकममा आयकर, संपत्ती कर तथा व्याज कर नलाग्ने ।

(ख) उपर्युक्त बमोजिम जम्मा हुन आएको रकमबाट व्यक्तिगत प्रयोगका लागि निर्धारित १५ वटा वस्तुहरू तथा ओ. जि. एल. अन्तर्गतको वस्तुहरू आयात गर्न दिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी चलचित्र निर्माताहरूको खुद आय कायम गर्ने तरिका देहायबमोजिम तोकेको छ ।

१. चलचित्र निर्माताले निम्न शर्तहरू अन्तर्गत रही चलचित्र प्रदर्शन गरे गराएमा उक्त चलचित्र निर्माण गर्दा लागेको खर्चलाई चलचित्र प्रदर्शन भएको प्रथम वर्ष ४० प्रतिशत, दोस्रो वर्ष ३० प्रतिशत, तेस्रो वर्ष २० प्रतिशत र चौथो वर्ष १० प्रतिशतका दरले सम्बन्धित आय वर्षको आयबाट कट्टा गर्न पाउने छ ।

(क) निर्माता आफैंले व्यापारिक प्रदर्शन गराएमा,

(ख) निर्माताले सम्पूर्ण स्थानहरूमा प्रदर्शन गर्ने अधिकार कुनै वितरकलाई बेचबिखन गरी सो वितरकमार्फत प्रदर्शन गराएमा,

(ग) केही स्थानमा निर्माता आफैंले र अन्य स्थानहरूमा कुनै वितरकमार्फत व्यापारिक प्रदर्शन गराएमा ।

२. निम्न अवस्थामा चलचित्र निर्माताले दफा १ बमोजिमको सुविधा पाउने छैन ।

(क) प्रत्येक चलचित्रको लागत खर्च छुट्टा छुट्टै देखिने गरी हिसाब किताबमा नदेखाएमा,

(ख) प्रत्येक चलचित्रको प्रदर्शनबाट प्राप्त हुनु पर्ने वा भएको आम्दानी हिसाब किताबमा नदेखाएमा,

(ग) श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त गरेको मनोरञ्जन करलाई आम्दानी नजनाएमा ।

तर चलचित्र प्रदर्शनको लागि सम्बन्धित निकायबाट प्रदर्शन गर्ने अनुमति प्राप्त नभएमा उपरोक्त दफा लागू हुने छैन ।

प्रष्टिकरणः– "लागत खर्च" भन्नाले चलचित्र निर्माण कार्य प्रारम्भ भएदेखि चलचित्रले व्यापारिक प्रदर्शनको लागि अनुमति प्राप्त नगरेसम्म भए गरेको रील खर्च, सुटिङ खर्च, खरिद खर्च, प्रशोधन खर्च, डबिङ खर्च, प्रिन्टिङ खर्च तथा डेभलपिङ खर्च, स्टुडियो तथा उपकरण बहाल खर्च, ज्याला, पारिश्रमिक, ढुवानी, भ्रमण परिवहन खर्च, ऋण लिएको रूपैयाँको प्रमाणित ब्याज खर्च, रजिष्ट्रेशन तथा ईजाजत पत्र सम्बन्धी खर्च, विज्ञापन खर्च र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

353

निर्माण कालमा भएका अन्य खर्चहरूलाई छानविन गरी कर अधिकृतले कायम गरेको वास्तविक खर्चलाई सम्झनु पर्दछ ।

द्रष्टव्यः— चलचित्र निर्माताले चलचित्रमा संलग्न कलाकारहरूलाई अनुबन्ध गर्दाको करारनामाको प्रतिलिपि सम्बन्धित करकार्यालयमा पेश गर्नु पर्दछ ।

आज्ञाले,

नारायणराज तिवारी

श्री ५ को सरकारको का. मु. सचिव

## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) तथा बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी जापानको शिमिजु कर्पोरेशनले नेपाल चर्खा प्रचारक गान्धी स्मारक महागुठी अन्तर्गत सञ्चालित मनोहरास्थित शिशु विद्यालयका निमित्त उपहारको रूपमा प्रदान गरेको टोयोटा ल्याण्डक्रुजर, इन्जीन नं. २ एच १२१४५३२ च्यासिस नं. एच. जे. ६०–०५०९८९ मा लाग्ने भन्सार महसूल र बिक्री कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी त्रि. वि. रसायन शास्त्र केन्द्रीय शिक्षण विभागको लागि इन्टरनेशनल फाउण्डेशन फर साईन्स नामक अन्तरराष्ट्रिय संस्थाबाट उपहार स्वरूप प्राप्त हुने अमेरिकी डलर २२३.३२ मूल्य बराबरको वायोकेमिकलहरूमा लाग्ने भन्सार महसूल तथा बिक्री कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ

## सूचना ६

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी एशोसिएशन अफ मेडिकल डक्टर्स फर एशिया नेपालको लागि आम्दा–जापानबाट उपहार स्वरूप प्राप्त भएको मित्सुविसी पाजेरो हाइरूफ वागन जी. एल. मोडेल भी ३४ भी एच एन डी आर ४ डब्लु डी २५०० सी सी डीजेल गाडीमा लाग्ने भन्सार महसूल तथा बिक्री कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८४

## सूचना ७

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) तथा बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल स्काउटलाई अमेरिकन स्काउटहरूको तर्फबाट उपहार स्वरूप प्राप्त यू. एस. डलर ४६० बराबरका प्रयोग भैसकेका ज्याम्बोरीका सामानहरू ६ (छ) वण्डल (पाल तथा लठ्ठाहरू समेत भएको) को पैठारीमा लाग्ने भन्सार महसूल र बिक्री कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ८

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल यातायात संस्थानलाई जनवादी गणतन्त्र चीन सरकारबाट सहयोग स्वरूप प्राप्त भएका २० (बीस) थान ट्रकमा भन्सार महसूल एवं बिक्री कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४८।५।२१ को निर्णयानुसार देहायबमोजिम राष्ट्रिय योजना आयोगको गठन गरेको हुँदा सर्व साधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| डा. रामशरण महत | – उपाध्यक्ष |
| डा. रामप्रकाश यादव | – सदस्य |
| श्री पृथ्वीराज लिगल | – सदस्य |
| डा. बालगोपाल वैद्य | – सदस्य |
| डा. विनायक भद्रा | – सदस्य |
| श्री श्रीकृष्ण उपाध्याय | – सदस्य |

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

### सूचना २

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्री सच्चिदानन्द श्रीवास्तव मिति २०४८।६।६ देखि २०४८।६।१२ सम्म नारायणी अञ्चलभित्रका सोही मन्त्रालय अन्तगतका विभिन्न कार्यालयहरूको निरीक्षण गर्न जानु भएको र सो अवधि पश्चात् २०४८।६।२१ गतेसम्म घर बिदामा बस्नु हुने भएको हुँदा उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड(क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री जगन्नाथ जोशीलाई मिति २०४८।६।६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मात्र लागु हुनेछ।